बुद्धशान्ति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा

प.सं.२०८३/८४
च.नं.

कोशी प्रदेश, नेपाल

## नदीजन्य पदार्थहरुको उत्खनन् संकलन तथा बिक्रीको लागि बोलपत्र आव्हानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति:-२०८३/०६/२२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बुद्धशान्ति गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्वन्धी कार्यविधि, २०८० तथा गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार यस गाउँपालिकाको IEE (आई. ई. ई.) प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत नाका/घाटमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामग्रीहरु उत्खनन् गरी कोशी प्रदेश सरकारले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले सिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| आन्तरिक आय ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् नाका संख्या | जम्मा उत्खनन परिमाण (घन मि.) | न्युनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| BRM/IR/05/083/84 | हँडिया खोलाको तोकिएको स्थान/नाकाबाट निस्कने नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री कार्य । | ३ | ९५८२ | २९,५९,६८५.३२ | ७५,०००। | ३,०००। |
| BRM/IR/06/083/84 | बिरिङ खोलाको तोकिएको स्थान/नाकाबाट निस्कने नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री कार्य । | २ | ४६३०६ | १,३७,७२,१८६.३२ | ३,४५,०००। | ३,०००। |
| BRM/IR/07/083/84 | टिमाई खोलाको पानीघट्टा नाकाबाट निस्कने नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री कार्य । | १ | १९४८६ | ५२,३०,३२९.०३ | १,३२,०००। | ३,०००। |

**शर्तहरु :**

१. फर्म दर्ता/ईजाजत प्रमाणपत्र, आ.व.२०८३/८४ को नवीकरण प्रमाणपत्र, स्था.ले.नं./मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८२।८३ को कर चुक्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको एन.आई.सी. एसिया बैंक, बुधबारे शाखामा रहेको **ग-१.१ आन्तरिक राजस्व खाता बुद्धशान्ति गाउँपालिका** खाता नं. **०८५२०५५४९९५१३००७**



मनोज कुमार साह
प्रमुख प्रशासकीय अधि

**(राजस्व शिर्षक नं.१४२२९-अन्य प्रशासनिक सेवा शुल्क)** मा नगद जम्मा गरेको बैंक भौचर वा राजस्व शाखाबाट बोलपत्र खरिदको लागि काटिएको नगदी रसिदसाथ निवेदन पेश गरी कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८३/०७/११ गते कार्यालय समय भित्र रहेको छ ।

२. खरिद गरेको बोलपत्र सिलबन्दी गरी मिति २०८३।०७।१२ गते दिनको १२:०० बजे भित्र गाउँपालिकाको कार्यालयमा बुझाउनुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिउँसो २.०० बजे बोलपत्रदाताको वा तोकिएको प्रतिनिधिको उपस्थितिमा गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।बोलपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र पेश गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुलेको दिन उल्लेखित कार्य हुनेछ ।

३. प्रि-विड बैठक मिति २०८३।०६।२९ गते दिनको १२:०० बजे गाउँपालिका कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी लिन सक्नुहुनेछ ।

४. बोलपत्र दाखिला गर्ने ईच्छुक फर्म वा कम्पनीले बोलपत्र जमानत वापत राखेको धरौटी रकम यस गाउँपालिकाको NIC Asia Bank Ltd बुँधबारे शाखामा रहेको **ग ३ धरौटी खाता बुद्धशान्ति गाउँपालिका** खाता नं. **85CA499513524003** मा नगद दाखिला वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त **"क"** वर्गको वाणिज्य बैङ्कले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बिड वण्डको सक्कल प्रति बोलपत्र सम्बन्धी कागजातसाथ संलग्न गर्नुपर्नेछ ।

५. बोलपत्र खरिदकर्ताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।दर्ता भएका बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

६. रीतपूर्वक दाखिला भएका बोलपत्र मध्ये बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सुचना नै रद्ध गर्ने वा सूचना संशोधन गर्ने लगायत सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. शर्त राखी पेश गरेको तथा रीत नपुगेको बोलपत्र माथि कारवाही हुने छैन ।

८. प्रचलित नियम अनुसार कालो सूचीमा परेका र यस कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

९. विशेष अवस्थामा उत्खनन् कार्यमा हेभी मेसिनरी, स्काभेटर प्रयोग सम्बन्धमा आवश्यकता हेरी कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

१०. ठेकेदारले नदीजन्य पदार्थ संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी राख्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनुपर्नेछ ।

११. ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा, माटो (भरौट र बलौट) झिक्नुपर्ने घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउने तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदार स्वयंमले गर्नुपर्नेछ। ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा, माटो लिन कुनै व्यक्ति वा निकायको निजि जग्गा वा वन क्षेत्रभित्र जानुपर्ने भएमा सम्बन्धितको स्वीकृति लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्नेछ ।

१२. ठेकेदारले नदीजन्य पदार्थ संकलन, उत्खनन् हुने घाटगद्दी स्थल सम्बन्धी खर्चहरु स्वयं आफैले बेहोर्नु पर्नेछ र घाटगद्दी स्थलमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

१३. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न आउनु पर्नेछ ।मनासिब कारण बाहेक सो अवधिभित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार बढी अंक कबोल गर्ने अन्य बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

१४. किस्ताबन्दी रुपमा रकम बुझाउँदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम बढीमा २ किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता वापतको रकम (कवोल अंकको ४०% ले हुन आउने) सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ भने दोस्रो किस्ता वापतको रकम (कवोल अंकको ६०% ले हुन आउने) २०८४ वैशाख मसान्तभित्र बुझाउनुपर्नेछ ।

१५. किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कबोल गरेको अंकमा दोश्रो किस्ताको रकम बराबरको जमानत बापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त **"क"** वर्गको वाणिज्य बैंकवाट जारी भएको २०८४ मंसिर मसान्तसम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नुपर्नेछ । दोश्रो किस्ता बापतको बाँकी रकम बुझाउने म्याद भित्र नबुझाएमा कार्यालयबाट धरौटी जफतको प्रक्रिया अघि बढाईनेछ ।

१६. ठेक्का कबोल रकम एकमुष्ट अग्रिम बुझाएमा कबोल रकमको १०% छुट दिईनेछ ।

१७. किस्ता रकम म्याद भित्र बुझाउनुपर्नेछ।म्याद भित्र नबुझाएमा गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी रकमको ०.०५% प्रति दिनले हुन आउने रकम जरिवाना स्वरुप तिर्नुपर्नेछ ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृ

१८. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

१९. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउनेछैन । बीचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १०% व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का या अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम भएको समेत पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२०. ठेक्का अवधि ठेक्का सम्झौता भएको मितिदेखि बढीमा २०८४ जेठ मसान्तसम्म रहनेछ । प्राविधिक प्रतिवेदन बमोजिम तोकिएको समय अगाडि नै तोकिएको परिमाण उत्खनन् तथा संकलन भइसकेकोमा सो मितिसम्म मात्र सम्झौता अवधि रहनेछ ।

२१. नदीजन्य सामग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार मात्र निकाल्नुपर्नेछ ।

२२. कुनै पनि कर, शुल्क वा बिक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी असुल गर्न पाइनेछैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मूल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै खर्चबाट अनिवार्य रुपमा राख्नुपर्नेछ।

२३. अनुगमनको क्रममा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ ।

२४. IEE प्रतिवेदनले तोकेको नदीको उल्लेखित स्थान/नाकामा एकै समयमा एउटै स्थानबाट मात्र तोकेको परिमाणमा उत्खनन् र संकलन गर्न पाईनेछ । यसरी उत्खनन् गरेको परिमाणको लगत कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ ।उत्खनन्, संकलन गरिसकेको नदीजन्य सामग्रीलाई घाटगद्दी गरेर मात्र विक्री वितरण गर्नुपर्नेछ । यसरी उत्खनन्/संकलन तथा घाटगद्दी गर्दाको लागत स्वयं ठेकेदारले बेहोर्नुपर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री उत्खनन्/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईनेछैन ।

२५. यस सूचना बमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा माफी वा छुट हुनेछैन ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

२६. माथि उल्लेखित शर्तहरु बाहेक अन्य शर्तको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बुद्धशान्ति गाउँपालिकाको आर्थिक ऐन, २०८३ र सम्झौताका बखतमा समेत निर्धारित हुन सक्नेछ । अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा बुद्धशान्ति गाउँपालिकाको राजश्व इकाई र पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा सम्पर्क राख्न सकिनेछ ।

२७. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

## उत्खनन् स्थल/नाका र परिमाण सम्बन्धी विवरण

### क) हँडिया खोला

| क्र. सं. | उत्खनन् केन्द्र/वडा नं. | उत्खनन् गरिने लम्बाई/चौडाई र गहिराई | | | उत्खनन् परिमाण घन मिटर |
|---|---|---|---|---|---|
| | मेचीनगरको सिमाना भन्दा माथि (उत्तर) सिटौलाजीको घरको साइडसम्म, बु.शा.-३ | लम्बाई | चौडाई | गहिराई | |
| | | ३४० मि. | २८ मि. | ०.६३ मि. | |
| १ | क) ढुंगा तथा गिटी | | | | ३६०८.६४ |
| | क) बालुवा | | | | ९०२.१६ |
| | ग) भरौट/बलौट | | | | १५०३.६० |
| | जम्मा | | | | ६०१४.४ |
| २ | राई गाउँ उत्तर (बाँध भन्दा माथि) | २०५ मि. | १६ मि. | ०.६५ मि. | |
| | क) ढुंगा तथा गिटी | | | | १०७३.५२ |
| | ख) बालुवा | | | | ६४४.११ |
| | ग) भरौट/बलौट | | | | ४२९.४१ |
| | जम्मा | | | | २१४७.०४ |
| ३ | हडिया पुल माथि किनारा बस्ती (बु.शा. १ र ३) | १७५ मि. | १३ मि. | ०.६२ मि. | |
| | क) ढुंगा तथा गिटी | | | | १०६५.६० |
| | क) बालुवा | | | | २८४.१६ |
| | ग) भरौट/बलौट | | | | ७१.०४ |
| | जम्मा | | | | १४२०.८ |
| | ३ (तिन) वटै नाकाको जम्मा परिमाण | | | | ९५८२.२४ |

उत्खनन् केन्द्रको अक्षांस/देशान्तर सम्बन्धीको विस्तृत जानकारी कार्यालयबाट लिन सकिनेछ ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

## ख) बिरिङ खोला

| क्र.सं. | उत्खनन् केन्द्र/वडा नं. | उत्खनन् गरिने लम्बाई/चौडाई र गहिराई | | | उत्खनन् परिमाण (घन मिटर) |
|---|---|---|---|---|---|
| १ | बिरिङ खोला (जयपुर-सिस्ने जाने) पुल दक्षिण, पुलबाट १ कि.मी. दक्षिण (बु.शा.-२ र अर्जुनधारा न.पा.-१) | लम्बाई | चौडाई | गहिराई | |
| | | ३३० मि. | ५० मि. | ०.७४ मि. | |
| | क) ढुंगा तथा गिटी | | | | ३०६२.४० |
| | ख) बालुवा | | | | ५५१२.३२ |
| | ग) भरौट/बलौट | | | | ३६७४.८८ |
| | जम्मा | | | | १२२५०.६ |
| २ | मदन भण्डारी राजमार्ग बिरिङ खोला पुल दक्षिण (पुलबाट १ कि.मी.दक्षिण) | ८४० मि. | ५० मि. | ०.८१ मि. | |
| | क) ढुंगा तथा गिटी | | | | १५३२५.२० |
| | ख) बालुवा | | | | १०२१६.८० |
| | ग) भरौट/बलौट | | | | ८५१४.०० |
| | जम्मा | | | | ३४०५६ |
| | २ (दुई) वटा नाकाको जम्मा परिमाण | | | | ४६३०६.६ |

उत्खनन् केन्द्रको अक्षांस/देशान्तर सम्बन्धीको विस्तृत जानकारी कार्यालयबाट लिन सकिनेछ ।

## ग) टिमाई खोला

| क्र.सं. | उत्खनन् केन्द्र/वडा नं. | उत्खनन् गरिने लम्बाई/चौडाई र गहिराई | | | उत्खनन् परिमाण घन मिटर |
|---|---|---|---|---|---|
| १ | कुरुङ र टिमाई खोला दोभान बु.शा.-५ (पानीघट्टा नाका) | लम्बाई | चौडाई | गहिराई | |
| | | ७२० मि. | ६२ मि. | ०.४३ मि. | |
| | क) ढुंगा तथा गिटी | | | | ७७९४.५६ |
| | ख) बालुवा | | | | ३८९७.२८ |
| | ग) भरौट/बलौट | | | | ७७९४.५६ |
| | जम्मा परिमाण | | | | १९४८६.४ |

उत्खनन् केन्द्रको अक्षांस/देशान्तर सम्बन्धीको विस्तृत जानकारी कार्यालयबाट लिन सकिनेछ ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत